# आ.व. २०७९/०८० को वार्षिक

# नीति तथा कार्यक्रम

शिवराज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चन्द्रौटा कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

*मिति:२०७९/३/१०*

*नगर प्रमुख श्री अजय थापाद्वारा*

*प्रस्तुत आ.व. २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम*

# एघारौं नगर सभामा प्रस्तुत आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम

**यस गरिमामय नगर सभाका उपाध्यक्षज्यू, सचिवज्यू, सदस्यज्यू, संचारकर्मीहरु, राष्ट्रसेवक कर्मचारीहरु ।**

आज यस गरिमामय एघारौं नगर सभा समक्ष शिवराज नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

स्थानीय तहको दोश्रो निर्वाचन सम्पन्न भए पछी नयाँ निर्वाचित जनप्रतिनिधीको बहाली पश्चात प्रथम पटक आ.व. २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम पेश गर्दैछु ।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रियहीत, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नु हुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको महान योगदानको पुन: स्मरण गर्न चाहन्छु । स्थानीय तहको दोश्रो निर्वाचनमा सहभागी भई अमूल्य मत दिई हामीलाई विजयी गराई नगरको सेवामा समर्पित हुने सु-अवसर प्रदान गर्नु हुने सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

नेपालको शासन प्रणालीको इतिहासमा नयाँ शासकीय संरचनाका रुपमा स्थापित स्थानीय सरकारको पाँच वर्ष कार्य काल पुरा हुँदासम्म शिवराज नगरपालिकाले कानून निर्माण, संगठन संरचनाहरुको स्थापना मार्फत कार्य सम्पादन गर्दै **"समृद्ध नगर, खुसी नगरवासी"** को दीर्घकालिन सोच पुरा गर्न सेवा प्रवाह र विकास निर्माणका क्रियाकलापहरुलाई तिब्रताका साथ अगाडि बढाउने अभियानमा सहभागी सवैमा हार्दिक आभार प्रकट गर्दछु ।

***नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,***

राज्यको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीले राजनीतिक अधिकार, स्वतन्त्रता, अधिकार र अवसरमा पहुँच, सामाजिक न्याय र समानता, भयरहित सुरक्षित र मर्यादित जीवन लगायतका विषयलाई लोकतन्त्रका विभिन्न आयामको रुपमा आत्मसात् गरेको छ । त्यसैले सार्वभौमसत्ता जनतामा र जनता नै शक्तिका स्रोत हुन भन्ने मान्यतालाई स्थापित गरेको छ । यसले राजनीतिक दलहरुलाई जनादेश अनुसारको भूमिका खेल्न उत्प्रेरित गर्छ, नेतृत्वको क्षमता अभिवृद्धि हुन्छ र देश, जनता तथा विकास प्रति थप चिन्तनशील तुल्याउँछ । आवधिक निर्वाचनका क्रममा हुने नेतृत्वको क्षमता र कार्य सम्पादन परीक्षणले नेतृत्वलाई अझ बढी उत्तरदायी बन्न उत्प्रेरित गर्छ ।

ऐतिहासिक स्यूराज क्षेत्र, प्रसिद्ध शिवगढी धार्मिक स्थल तथा पुरातात्विक सोनवागढ धार्मिक क्षेत्र रहेको शिवराज नगरपालिकामा स्थानीय स्वशासनको छोटो अभ्यास मै उत्साहबर्द्धक आर्थिक,

भौतिक, सामाजिक र साँस्कृतिक विकास भएको छ । यो उपलब्धिले समृद्ध शिवराज नगरपालिका निर्माणमा बलियो आधारशिला निर्माण गरेको छ ।

सहकारिता र समन्वयको सिद्धान्तमा आधारित संघ, प्रदेश र स्थानीय तहले नगरको सर्वाङ्गीण विकास र सेवा प्रवाह सुदृढ गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । शिवराज नगरपालिकाको आन्तरिक क्षमता र संघीय सरकार तथा प्रदेश सरकारको वित्तिय हस्तान्तरणको वैज्ञानिक प्रणालीले नगरलाई आवश्यक स्रोत सुनिश्चित गरिएको छ

***नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,***

शिवराज नगरपालिका आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसर उपलब्ध गराई शान्ति सुव्यवस्था सहितको न्यायपूर्ण, समुन्नत, सभ्य र सु-संस्कृत समाज निर्माणमा अग्रसर छ । नगर क्षेत्रभित्र योजनाबद्ध सडक, पुल, सामुदायिक भवन, सिंचाई, खानेपानी लगायतका भौतिक पूर्वाधारहरुको निर्माण कार्य तिब्र गतिमा अघि बढेको छ ।

शैक्षिक सत्र २०८० देखि शिवराज नगरपालिकाको विद्यालय शिक्षालाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता गर्न पहुँच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा सुधार ल्याई सुशासन कायम गर्न हामी क्रियाशिल छौ । सार्वजनिक सेवाको गुणस्तर वृद्धि गरिएको छ । सबै नगरबासीलाई सामाजिक सुरक्षा प्रणाली भित्र आबद्ध गर्न सामाजिक सुरक्षाका कार्यक्रमहरु अघि बढाइएको छ ।

कृषि उत्पादकत्व वृद्धि गर्न कृषिको आधुनिकीकरण र व्यावसायीकरणको योजना सहित कृषि पूर्वाधारमा लगानी गरिएको छ । शौचालयको उपलब्धता र प्रयोगमा सुधार ल्याई नेपालीको सभ्यताको स्तर माथि उठाउने कार्यमा लुम्बिनी प्रदेशमै शिवराज नगरपालिकालाई सफलता मिलेको छ ।

शिवराज नगरपालिका आर्थिक, सामाजिक रुपान्तरणको दिशामा अविछिन्नरुपमा अघि बढिरहेको छ । प्रगतिशिल र अग्रगमनको गतिमा आउने व्यवधान र समस्याहरुलाई सहकार्य समन्वय र सहकारीताको माध्यमले समाधान गर्दै समृद्धिको सफलता प्राप्तीमा निरन्तर लागी परेको छ ।

*नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,*

**अव म शिवराज नगरपालिकाले आर्थिक वर्ष २०७८/२०७९ मा कार्य सम्पादन गरेका महत्वपूर्ण उपलब्धीलाइ सारांशमा प्रस्तुत गर्न चाहन्छु ।**

१. नगर भित्रका सवै ५१ वटा सहकारीका व्यवस्थापकहरुलाई सहकारी व्यवस्थापन, सम्पत्ती सुद्धीकरण र COPOMIS सम्बन्धी तालिम संचालन गरिएको ।

२. पशु आहारा मिसन अन्तर्गत नगरभित्रका १११ जना किसानहरुले ३९४ कठ्ठामा हिउँदे घाँस बर्षिम र जै खेती गरेका किसानलाइ ३ लाख ९४ हजार अनुदान उपलब्ध गराइएको ।

३. पशु बिमा कार्यक्रम अन्तर्गत नगर भित्रका ७१ जना किसानहरुलाई रु १ लाख २५ हजार अनुदान उपलब्ध गराउने प्रकृया अन्तिम चरणमा रहेको ।

४. दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत नगर भित्रका किसानहरुले उत्पादन गरेको २,३९,६८२.८ लिटर दुधको प्रति लिटर २ रुपैयाँको दरले ३३४ जना किसानलाई अनुदान उपलब्ध गराउने कार्य अन्तिम चरणमा रहेको ।

५. नगर भित्रका १०० जना किसानहरुलाई गाई, भैसीं, भेडा, बाख्रा, बंगुर र कुखुरा पालन सम्बन्धी तालिम संचालन गरिएको ।

६. नगर भित्रका भैंसी पालक ४ जना कृषकहरुलाई जनही ५० हजारका दरले उन्नत जातको रांगो खरिदमा अनुदान उपलब्ध गराइएको ।

७. नगर भित्रका बाख्रा पालक २ जना कृषकहरुलाई बोका खरिदमा अनुदान उपलब्ध गराइएको ।

८. तरकारी तथा फलफूल उत्पादन बजारीकरणको लागि वडा नं. ३ को खरेन्द्रपुरमा संकलन केन्द्र स्थापना गरि संचालनमा ल्याइएको ।

९. व्यवसायीक तरकारी उत्पादनका लागि पकेट क्षेत्र स्थापना कार्य गरिएको ।

१०. खाद्यन्न उत्पादनमा आत्म निर्भर हुने गरी नगरभित्र १० वटा स्थानमा धान पकेट क्षेत्र संचालन गरिएको ।

११. किसान सूचीकरण कार्य प्रारम्भ गरी किसान कार्ड वितरण गर्ने कार्य आगामी आर्थीक बर्षमा गर्ने गरी तयारी गरिएको ।

१२. नगरका सवै आर्थिक कारोवार बैकिङ्ग प्रणाली मार्फत गर्ने कार्यको शुरुवात गरिएको ।

१३. राजश्व संकलन सूचना प्रणालीको माध्यमबाट राजश्व संकलन र दाखिला गर्ने प्रणालीलाई निरन्तरता दिएको ।

१४. सवै आर्थिक कारोवार अनलाइन सफ्टवेयर प्रणालीबाट संचालन गरिएको ।

१५. सार्वजनिक वित्त व्यवस्थापन र लेखा प्रणालीलाई राष्ट्रीय मापदण्ड तथा अन्तराष्ट्रीय लेखाका सिद्धान्त अनुशरण गरिएको ।

१६. राजश्व पोर्टल सिस्टमबाट बैंङमा राजश्व तथा कर दाखिला गरिएको ।

१७. बेरुजु फछ्र्यौटको लागि महालेखा परीक्षकको **NAMS Software** को प्रयोग गरी कार्यालयबाटै फछ्र्यौट गर्ने प्रणाली अवलम्बन गरीएको ।

१८. नगरभित्रका ३० जनालाई व्युटिसियन तालिम, ४० जनालाई मोवाइल रिपेरिङ्ग तालिम, ३३६ जनालाई कम्प्युटर बेसिक तालिम, ३० जनालाई एसी फ्रिज मर्मत तालिम र ४० जनालाई पलम्बिङ्ग तालिम प्रदान गरिएको ।

१९. नगर भित्रका फरक क्षमता भएका १६ जना व्यक्तीहरुलाई सहायता सामाग्री वितरण गरिएको ।

२०. बालश्रम रोकथाम तथा न्यूनीकरणका लागि प्रहरी समुदाय कार्यक्रम सवै ११ वटै वडामा संचालन गरिएको ।

२१. ईट्टा भट्टामा काम गर्ने बालश्रमीकलाई शिक्षाबाट बन्चित हुन नदिने उद्देश्य सहित ३ महिने बैकल्पिक शिक्षाका लागि शिक्षक व्यवस्थापन गरि शैक्षिक सामाग्री समेत वितरण गरिएको ।

२२. महिला बालवालिका तथा कमजोर वर्गमाथी भएका हींसा न्यूनीकरण गर्न विभिन्न सचेतनामूलक कार्यक्रम गरिएको ।

२३. अपाङ्गता परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइएको ।

२४. नगरभित्रका ३४ वटा सामुदायिक विद्यालयहरुमा सुरक्षित खानेपानीका लागि RO फिल्टर जडान गरिएको ।

२५. वडा नं. १ र २ मा सुरक्षित खानेपानी समुदाय घोषणा गरिएको ।

२६. नगरभित्रका ३४ वटा विद्यालयहरुको शौचालय मर्मत तथा **Hand Washing Station** निर्माण गरिएको ।

२७. कोभिडबाट प्रभावित र अपाङ्गता भएका १०९८ जना बालवालिकाहरुलाई जनही १ हजारका दरले राहत वितरण गरिएको ।

२८. नगरपालिकाको विपद् प्रतिकार्य योजना निर्माण यसै आर्थिक वर्षमा गरिएको ।

२९. नगरभित्रका ८ वटा सामुदायिक विद्यालयमा छाना तथा बसाई व्यवस्थापनको कार्य गरिएको ।

३०. स्थानीय पाठ्यक्रम निर्माण कार्य अन्तिम चरणमा रहेको ।

३१. फरक तरिकाले शिक्षण सिकाई कृयाकलाप गर्नका लागि **Stem Education** तालिम संचालन गरिएको ।

३२. राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत शिवराज आधारभूत विद्यालय धानखोला र शेष आधारभूत विद्यालय जुमीलीमा ४/४ कोठे विद्यालय भवन निर्माण कार्य चालु आर्थिक वर्षमा सम्पन्न गरिएको ।

३३. प्रकाश मा.वी. सुन्दरीडाँडामा ४ कोठे र नेपाल राष्ट्रिय आधारभूत विद्यालय भगवानपुरमा २ कोठे भवन निर्माण कार्य अन्तिम चरणमा रहेको ।

३४. पर्यटन पूर्वाधार निर्माण अन्तर्गत रमुवादहमा अधुरो पर्यटन पूर्वाधार निर्माण कार्य अन्तिम चरणमा रहेको ।
३५. उमरीडाँडामा थारु संग्राहलयको निर्माण कार्य अन्तिम चरणमा रहेको ।
३६. नगरपालिका तथा ११ वटै वडा कार्यालयबाट अनलाइनमा आधारित प्रणालीबाट राजश्व तथा कर अशुली गर्ने कार्य भएको ।
३७. नगरभित्रका सवै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली लागु गरी प्रविधीमैत्री बनाइएको ।
३८. कोभिड १९ विरुद्ध पूर्ण खोप पालिका घोषणा कार्य अन्तिम चरणमा रहेको ।
३९. थुन्हिया स्वास्थ्य चौकी ल्याब सेवा संचालन अन्तिम चरणमा रहेको ।
४०. आधारभूत स्वास्थ्य सेवा अस्पतालमा साप्ताहिक रुपमा आखाँ क्लिनिक सेवा संचालन भएको ।
४१. प्रदेश सरकारबाट १ थान र अजय प्रताप शाह शरोजनी शाह मेमोरियल ट्रस्ट कृष्णनगर नगरपालिका २ कपिलवस्तुबाट १ थान गरी थप २ वटा एम्बुलेन्सबाट सेवा संचालन गरीएको ।
४२. वडा नं. २ र ४ मा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण र विसुनपुर स्वास्थ्य चौकीको भवन निर्माण सम्पन्न गरिएको ।
४३. धानखोलामा शहरी स्वास्थ्य ईकाइ भवन निर्माण कार्य यसै आ.व.मा सम्पन्न गरिएको ।
४४. शिवगढी, विरपुर र लालपुरमा स्वास्थ्यचौकी भवनको तला थप गरिएको ।
४५. वडा नं. ३ को मदवा र वडा नं. १० को शितलापुरमा २ कोठे गाउँघर क्लिनिक भवन निर्माण सम्पन्न गरिएको ।
४६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ.व.मा १०६४ जनाले न्यूनतम १०० दिन बरावरको रोजगारीमा संलग्न हुन आवेदन पेश गरेकोमा हालसम्म ४०० जनालाई स्थानीय पूर्वाधार विकास निर्माणका कार्यमा संलग्न गराइ रोजगारी प्रदान गरिएको ।
४७. ११ वटै वडाका घटनादर्ताका पुराना अभिलेखहरुलाई अनलाइनबाट MIS System मा प्रविष्ट गरिएको ।
४८. ११ वटै वडामा घटना दर्ता शिविर संचालन कार्यक्रम सम्पन्न गरिएको ।
४९. सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी ११ वटै वडाका वडा सचिव र सहायक कम्प्युटर अपरेटरहरुलाई तालिम प्रदान गरिएको ।
५०. नव निर्वाचित जनप्रतिनिधीहरुलाई सामाजिक सुरक्षा तथा घटना दर्ता बारे अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ।
५१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यका लागि थप ३ वटा बैंकसंग सम्झौता गरिएको ।
५२. प्राथमिक तहमा २० जना निम्न माध्यमिक तहमा २८ जना र माध्यमिक तहमा ३ गरी जम्मा ५१ जना स्वयंसेवक शिक्षकहरुको ब्यवस्था गरिएको छ ।

५३. माध्यमिक तहको ८ वटा र निम्न माध्यमिक तहको ३ वटा अङ्ग्रेजी, गणित विज्ञान विषय शिक्षणका लागि शिक्षण सहयोग अनुदान कोटा बिद्यालयलाई उपलब्ध गराईएको ।

५४. विद्यालयमा विज्ञान प्रयोगशाला २ वटा, ICT Lab ५ वटा र पुस्तकालय १ वटा विद्यालयलाई प्रदान गरिएको छ ।

५५. ७ वटा वाल विकास केन्द्रलाई शिक्षण तथा खेल सामाग्री प्रदान गरिएको छ ।

५६. सामुदायिक विद्यालय तथा समुदायमा आधारित बालविकास केन्द्रका प्रारम्भिक बाल कक्षादेखि ५ कक्षासम्ममा बालबालिकाहरुलाई बच्चा हातमा टिफिन आमाको हातमा खाजा पैसा भन्ने मूल नाराका साथ दिवा खाजा कार्यक्रम लागू भएको छ ।

५७. विद्यालय ३ वटा अधुरो भवन तथा ३ वटा विद्यालय निर्माणमा नगरपालिकाले २१ लाख साझेदारी गरेको छ ।

५८. प्र.अ. बैठक संचालन गरिएको जसले गर्दा कार्यक्रम कार्यान्वयन तथा संचालन र अन्य शैक्षिक गतिबिधि संचालनमा समेत एकरुपता ल्याएको छ ।

५९. मेयर कप उपमेयर कप तथा राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन गरिएको छ ।

६०. ८ वटा सामुदायिक विद्यालयलाई ल्यापटप, प्रिन्टर र प्रोजेक्टर स्मार्ट बोर्ड उपलब्ध गराई डिजिटल माध्यमबाट सिकाइ सहजीकरणको प्रबन्ध गरिएको छ ।

६१. हरित विद्यालय अवधारणा सहित विद्यालय बृक्षारोपण र फुलवारी करेसावारी निर्माण गर्न यस कार्यक्रम अन्तरगत विद्यार्थीलाई प्रोत्साहन गर्न विद्यालयाई रु. ५००० अनुदान उपलब्ध गराईएको छ ।

६२. बालशिक्षिका बिद्यालय कर्मचारी र सामुदायिक सिकाई केन्द्रका परिचालिकाहरुका लागि संघिय सरकारले दिएको अनुदान रु ७००० थप गरी रु १५००० हजार तलबभत्ताको ब्यवस्था गरिएको ।

६३. ४७ जना स्वयंसेवकलाई शिक्षक पेडागोजी र ६५ जना बालशिक्षिकालाई प्रारम्भिक बालविकासको पाठ्यक्रम सम्बन्धि तालिम प्रदान गरिएको ।

६४. आधारभूत तह उत्तिर्ण परीक्षा २०७८ मा १५८२ जना विद्यार्थी सहभागी भई परीक्षा सम्पन्न गरिएको ।

६५. युनिसेफ नेपालको सहयोगमा ४२ वटा विद्यालयहरुमा खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रमा कार्य गरिएको ।

६६. एकिकृत शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (IEMIS) सम्बन्धि ४० जना शिक्षक तथा कर्मचारीहरुलाई तालिम दिई शैक्षिक तथ्याङ्क सत्यापन गरिएको छ ।

६७. हाम्रो शिवराज नामक कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रमको निर्माण गरी शैक्षिक सत्र २०७९ देखि लागू गरिएको छ ।

६८. शैक्षिक गुणस्तर प्रबर्धन तथा अभिबृद्धिका लागि गणित प्रयोगशाला निर्माण शैक्षिक डकुमेन्ट्री बालिसकाइ सामग्री तथा शैक्षिक गुणस्तर अभिबृद्धि योजना निर्माण सम्बन्धि विद्यालय शिक्षक तथा विद्यार्थीलाई अभिमुखिकरण गरिएको छ ।

६९. बिभिन्न संघसंस्थाको सहयोगमा विद्यालय खानेपानी तथा सरसफाई विपद ब्यवस्थापन तथा शिक्षक तालिम विद्यार्थीको सिकाइ सामग्री तथा विद्यालय तथा समुदायमा आधारित कार्यक्रमहरु संचालन गरिएका छन ।

*नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,*

शिवराज नगरपालिकाले **"समृद्ध नगर, सुखी नगरवासी"** को आकाङ्क्षा पूरा गर्न देहाएका रणनीतिक आधार र पक्षहरुलाई ध्यानमा राखी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम तर्जुमा गरेको छ ।

क) दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्ने संबैधानिक व्यवस्थाको परिपूरण गर्न समतामुलक सेवा र शान्ति संबेदनशिल विकास पद्धति अवलम्बन गर्ने ।

ख) लोकतान्त्रीक लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरिय सेवा प्रवाह गर्न ।

ग) नगरपालिकाले दिगो बिकासको लक्ष्य प्राप्तिको विश्वव्यापी र राष्ट्रिय अठोटप्रति दृष्टिगत गर्दै मौलिक विकासमा जोड दिई विकासको स्थानीयकरण गर्ने ।

घ) स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता एवं अन्य सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कार्यक्रम सञ्चालन र गुणस्तरीय सेवा प्रवाह गरी स्वस्थ, शिक्षित, न्यायपूर्ण र गतिशिल सामाजिक जीवनको स्थापना गर्ने ।

ङ) कार्यक्रम तथा आयोजनाहरुको पुन: प्राथमिकीकरण गर्ने, फजुल खर्च रोक्ने, वित्तिय अनुशासन कायम गर्ने, उत्पादनशील तथा रोजगारमूलक क्षेत्रमा लगानी केन्द्रित गर्ने ।

च) सहकारिता, समन्वय र सह अस्तित्वमा आधारित संघीय प्रणालीको आधार स्थानीय तहको स्रोत परिचालन क्षमता बढाई राष्ट्रिय लक्ष्य र नगरको वृहत्तर विकासको योजना अनुरुप कार्यक्रम कार्यान्वयन गर्ने ।

छ) नगरपालिकाले महामारी रोकथामका लागि अपनाउनु पर्ने स्वास्थ्य सजगताका व्यवस्थाहरुको पालना गर्ने गराउने । सङ्क्रमणको परीक्षणलाई ब्यापक बनाउने, खोप, औषधि, उपकरण र चिकित्सक लगायतका स्वास्थ्यकर्मीहरुको व्यवस्था तथा परिचालन गर्ने ।

ज) नगरपालिकाले स्वास्थ्य र शिक्षा सेवामा गुणात्मक सुधार र बैकल्पिक पद्धतिको अनुसरण गर्ने, कृषि तथा औद्योगिक उत्पादन वृद्धि गर्ने र विकास निर्माण कार्यलाई तीब्रता दिने कार्यक्रम कार्यान्वयन गर्नेछ ।

झ) संघ र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन सहयोग र सल्लाहलाई अनुशरण गरिएको छ ।

# नीति तथा कार्यक्रमः २०७९/०८०

**"सम्बृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा पूरा गर्ने दिशा तर्फ अघी बढदै **"शिवराज नगरपालिकाको आधार, कृषि, उद्योग, पर्यटन र पूर्वाधार"** भन्ने मूल नाराका साथ **"समृद्ध नगर, खुसी नगरवासी"** को मर्मलाई आत्मसाथ गर्दै अब म आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

**१. आर्थिक विकास नीति**

**क. कृषि विकास तथा पशु विकास तर्फः**

- कृषि वस्तु उत्पादन तथा उत्पादकत्व वृद्धि गरिदै नगरपालिका लाई आत्मनिर्भर वनाउन जोड दिनेछ ।
- कृषि जन्यवस्तुहरूको वजारीकरणका ब्यवस्थित गरिदै संकलन केन्द्रहरू संचालनमा जोड दिने छ ।
- कृषि प्रणाली लाई आधुनिकिकरण तर्फ लैजाने कार्यक्रम संचालन गरिनेछ ।
- कृषि अनुदान लाई उत्पादनमा आधारित तर्फ ब्यवस्थित गर्दे लक्षित वर्गको पहुच लाई सुनिश्चित गरिने छ ।
- खाद्यान्नमा आत्मनिर्भरका लागि धान वाली प्रर्वधन कार्यक्रम संचालनमा गरिने छ ।
- नगरपालिका भित्र ब्यवसायिक पकेटको रूपमा वार्डहरू लाई बिकास गरिनेछ ।
- पोषण सुधारमा सहयोग पुग्ने कार्यक्रम संचालन गरिनेछ ।
- सिचाई पूर्वाधार निर्माण तथा ब्यवस्थापनमा जोड दिनेछ ।
- शिवराज नगरपालिका भित्र कार्यरत संघ संस्थाहरु संग समवन्य गरि कार्यक्रम संचालन गरिने छ ।
- सामूहिक खेतीमा जोड दिनेछ ।
- कृषकहरुलाई अनुदानमा उन्नत जातका धान गहुँ मकैका विउ वितरण गरिने व्यवस्था मिलाइने छ । साथै अन्य बालीहरुको विउ व्यवस्थापन गरिदै जाने छ ।
- एक घर एक करेशावारी स्थापनामा जोड दिनेछ ।
- सिंचाई विकासको लागि संभावित आयोजनाहरुको विस्तृत संभाव्यता अध्ययन (DPR) तयार गरिने छ ।
- किसान सूचिकरण कार्यलाई निरन्तरता दिदै किसान कार्ड वितरण गरिने कोष संचालन गरिने छ ।
- भर्मिक कम्पोष्ट/गडौले मल उत्पादनमा जोड दिइने छ ।
- शिवराजमा उत्पादित महलाई प्रशोधन गरी वार्डिङ्ग र लेवलिङ्ग कार्यलाई अगाडि बढाईने छ ।

- जनता पशुधन सुरक्षण कार्यक्रम पशुपंछीको विमा प्रिमियममा ५० प्रतिशत अनुदान तथा व्यवस्थापन कार्यक्रम लागु गरिनेछ ।
- नगरपालिका भित्र व्यावसायीक पशुपंक्षी पालन गरेका कृषकहरु मध्ये उत्कृष्ट कृषकलाइ नगर सभावाट उत्कृष्ट कृषक सम्मान गरिनेछ ।
- दुध फुल मासु र माछामा आत्मनिर्भर नगरपालिका बनाउन जोड दिइने छ ।
- व्यवसायी उद्यमी र उत्पादनमूखी नगरपालिका बनाउन पशुपालनलाई व्यवसायीकीरण गरिने छ ।
- पशुजन्य पदार्थको आपूर्तीलाई सहज र सरल बनाइने छ ।
- नगरपालिका भित्रका उत्पादनलाई प्राथमिकता दिइने छ ।
- पशुजन्य पदार्थको आयतलाई घटाउँदै निर्यातलाई प्रोत्साहन गरिने छ ।
- पशुपंक्षी विकासको अनुदानलाई उत्पादनमा आधारित तर्फ व्यवस्थित गर्दै लक्षित वर्गको पहुँचलाई सुनिश्चित गरिने छ ।
- गाई भैंसी पालक कृषकहरुलाई दुध उत्पादनमा थप प्रोत्साहन गर्नलाई गाईभैंसी सुत्केरी खर्च उपलब्ध गराउने कार्यक्रम लागु गरिने छ ।
- अव्यवस्थित मासु पसललाई व्यवस्थित गर्न मासु पसल सुधार कार्यक्रम लागु गरिने छ ।

**<u>श्रम तथा रोजगार, उद्योग वाणिज्य र पर्यटन संस्कृति प्रवर्द्धन</u>**

- स्वरोजगार हुन चाहने तर व्यवसायिक योजना नभएका नागरिकहरुलाई स-साना व्यवसायको योजना निर्माणमा सहजीकरण गरिनेछ ।
- बैदेशिक रोजगारमा जान इच्छुक व्यक्तिहरुको लागि उपयुक्त सीप विकास तालिम दिइनेछ ।
- रोजगारदाता तथा ट्रेड युनियनहरुसंगको समन्वयमा सामाजिक सुरक्षाकोष व्यवस्थित गर्न सहजिकरण गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका उद्योगहरुमा स्थानीय नागरीहरुलाई रोजगारीमा प्राथमिकता दिइने छ ।
- केवलकार,स्तरीय होटल संचालन जस्ता पर्यटन पूर्वाधारमा नीजि क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक सहजीकरण गरिनेछ ।
- पर्यटन स्थलहरुको संरक्षण, सम्बर्द्धन तथा प्रचार प्रसार गरिनेछ ।
- यस नगरपालिकाको पहिचानको रुपमा रहेको **"ऐतिहासिक शिवगढी मन्दिर, पुरातात्विक सोनवागढ मन्दिर र थारु संग्राहलय"** को वृहत्तर विकासको लागि गुरुयोजना निर्माण गरी सो को कार्यान्वयन मार्फत् पर्यटन प्रवर्द्धनलाइ निरन्तरता दिन संघ तथा प्रदेश सरकारसंग समन्वय र सहकार्यलाई निरन्तरता दिइने छ ।
- सम्पूर्ण धर्म जातजातिको मौलिकता संरक्षणको लागि उनीहरुको भेषभूषा पोषाक रितिरिवाज संरक्षण गर्न आवश्यक कदम चालिनेछ ।

- नगरको धार्मिक, साँस्कृतिक विविधताको संरक्षण एवं प्रचार प्रसार मार्फत पर्यटनमैत्री वातावरणको सिर्जना गरिनेछ ।
- खैरीताललाई सौन्दर्यकरण गरी स्थानीय पर्यटकीय क्षेत्रको रुपमा विकास गरी गरिने छ ।
- खरेन्द्रपुर चोकमा विभूती प्रतिमा सहितको स्मार्ट पार्क निर्माण गरिने छ ।
- श्रमको सम्मान गर्ने संस्कारको बिकास गरी स्थानीय रोजगारीको अवसरलाई प्रबर्धन गरिनेछ, स्थानीय श्रमलाई स्थानीय स्तरमै परिचालन गरी रोजगारी सृजना गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध लाभग्राहीहरुको अभिलेख अद्यावधिक गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- वडा नं. ८ मा औधोगिक ग्राम स्थापनाको लागि विस्तृत आयोजना प्रतिवेदन निर्माणको कार्य सम्पन्न गरी आवश्यक प्रकृया अगाडी बढाइने छ ।
- धार्मीक पर्यटकीय क्षेत्रहरु (मन्दिर, मस्जिद, इदगाह र गुम्बा आदीको) संरक्षण प्रवर्द्धन र प्रचार प्रसारमा टेवा पुग्ने कार्यक्रमहरु संचालन गरिने छ ।
- नगरभित्रका संभावित पर्यटीय क्षेत्रहरुको विकासका लागि संभाव्यता अध्ययनको कार्य अगाडी गराइने छ ।
- सामाजिक सुरक्षा वापतको रकम समयमै प्राप्त गर्न सम्बन्धित बैङ्क तथा वित्तिय संस्थाहरुसंग समन्वय गरिनेछ ।

**<u>ग. सहकारी</u>**

- सहकारी संघ संस्थाहरुलाई नियमित अनुगमन गरी सहकारी ऐन, २०७४ तथा नियमावली, २०७५ र सहकारी विभागले जारी गरेको नीति तथा निर्देशनहरु पालना गरे नगरेको जस्ता विषयमा आवश्यक सल्लाह सुझाव सहित प्रतिवेदन पेश गरिनेछ ।
- सहकारी संघ संस्थाहरुलाई **COPOMIS** तथा अन्य क्षमता विकासका तालिम दिदै नियमित रुपमा मासिक तथा अन्य प्रतिवेदन प्रविष्टि गर्न लगाउदै व्यवस्थित र प्रविधि मैत्री बनाउदै लगिनेछ ।
- उत्कृष्ट सहकारी संघ संस्थालाई सम्मान गर्ने र अन्य सहकारी संघ संस्थाहरुलाई पनि अनुसरण गर्नका लागि प्रोत्साहीत गरिनेछ

**<u>घ. राजश्व परिचालन तथा वित्तिय व्यवस्थापन</u>**

- कर प्रशासनलाई करदातामैत्री, आधुनिक प्रविधिमैत्री बनाइनेछ ।
- राजस्व सुधार योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- नगरमा प्राप्त राजश्वलाई सोही दिन बैंक दाखिला गर्ने व्यवस्था मिलाइएको छ ।
- सबै किसिमका व्यापार, ब्यवसाय, औधोगिक प्रतिष्ठान लगायतका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउन संस्थाको कानून बमोजिम दर्ता, नबिकरण तथा करदाताको अभिलेख अद्यावधिक गरिनेछ ।
- राजस्व चुहावट गर्ने करदातालाई कानून बमोजिम कारवाही गरिनेछ ।

- नगरका ११ वटै वडामा राजश्व घुम्ती शिविर संचालन गरी कर सचेतना कार्यक्रम तथा करका नयाँ क्षेत्रको पहिचान गरि करको दायरभित्र समावेश गरिने छ ।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको सहज वातावरण बनाउने कर नीति अपनाइनेछ ।
- नगरको स्वामित्व वा भोगाधिकार रहेको र नगरपालिकाले संरक्षण र परिचालन गर्न सक्ने भवन, जग्गा जमिन, पोखरी, हाट बजार तथा अन्य भौतिक सम्पत्तिको अभिलेख र अद्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रुपमा प्रयोग गरिनेछ ।
- **कर तिर्नु सम्मानित नागरिक बन्नु पनि हो** भन्ने भावना जगाउन करदाता सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. <u>सामाजिक विकास नीति</u>

**क. शिक्षा, यूवा तथा खेलकुद**

**१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा नीति**

- शैक्षिक सत्र २०८० देखि शिवराज नगरपालिकाको विद्यालय शिक्षालाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता गर्न पहुँच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
- विद्यालय शिक्षालाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयनको लागि अनिवार्य तथा निःशुल्क शिक्षा ऐन निर्माण गरी लागू गरिनेछ ।
- सामुदायिक विद्यालयमा ई-लाइब्रेरी स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसंग समन्वय गरिने छ ।
- विद्यालयीय शिक्षालाई गुणस्तरीय तथा विद्यालयको आन्तरिक सक्षमता अभिबृद्धि गर्नका लागि विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- सामुदायिक विद्यालयको विद्यालयगत शिक्षक विद्यार्थी अनुपात, संचालित कक्षा र विषयगत शिक्षक दरबन्दीलाई आधार मानी अति न्यून दरवन्दी रहेका र शून्य दरवन्दी रहेका विद्यालयहरुमा मापदण्डका आधारमा प्रदान गरिएका स्वयम् सेवक शिक्षकलाई यथावत कायम राख्दै कक्षागत, विषयगत तथा तहगत रुपमा थप स्वयंसेवक शिक्षकको दरबन्दी सृजना गरिने छ ।
- विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असूल नगर्ने ब्यवस्था मिलाईने छ । सामुदायिक विद्यालयको भौतिक, शैक्षिक, ब्यवस्थापकिय तथा वातावरणिय पक्षहरुको सम्पूर्ण खर्चको ब्यवस्था नीति लिईनेछ ।
- विपन्न समुदायका बालबालिकाको लागि पूर्ण छात्रबृत्तिको ब्यवस्था मिलाईनेछ ।

२. आधारभूत तहको शिक्षा अनिवार्य गर्न सवै विद्यालय उमेर समूहका बालबालिकाको विद्यालयमा पहुँचको सुनिश्चितताका लागि "**विद्यालयको शैक्षिक र भौतिक सुधार, बालबालिका प्रवेशको आधार**" मूल नाराका साथ विद्यालयको शैक्षिक एवं भौतिक सुधारका कार्यक्रमहरु संचालन गरिने छ ।

३. **"सवल र प्रतिवद्ध शिक्षक, खुसी विद्यार्थी, उत्कृष्ट सिकाइ उपलव्धी"** का लागि बालशिक्षिका, शिक्षक तथा कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ।

४. सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरुका लागि निःशुल्क स्यानेटरी प्याड उपलव्ध गराईनेछ ।

५. कोरोना महामारीको कारणले अभिभावक गुमाएका विद्यार्थीहरुलाई दिइदै आएको छात्रवृत्तीलाई निरन्तरता दिइनेछ ।

६. प्रारम्भिक बाल कक्षा देखि कक्षा ६ सम्म अध्ययन गर्ने विद्यार्थीका लागि दिवा खाजाको व्यवस्था गर्न "बच्चाको टिफिनमा खाजा, आमाको हातमा पैसा" कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ ।

७. शिक्षण सिकाइ क्रियाकलापमा डिजिटल प्रविधीको प्रयोग गरी सिकाइ सहजीकरण गर्न प्रोत्साहित गरिने छ । यसका लागि सवै आधारभूत विद्यालयमा समेत इन्टरनेट जडान गर्न प्रोत्साहित गरिने छ ।

८. विद्यालय शान्ती क्षेत्र घोषणा गर्न वडा शिक्षा समितिको सहभागितामा सबै विद्यालयका सरेकारवालाहरुसँग प्रतिवद्धता लिइनेछ । विद्यालयलाई क्लिन ग्रिन एण्ड पिस बनाउन विद्यालय क्षेत्रभित्र आकर्षक फुलवारी निर्माण गर्न अभिप्रेरित गरिने छ । फूलवारी निर्माण र वगैचा निर्माणमा विद्यार्थीहरुको सहभागिता बढाई जीव विज्ञान, वनस्पति विज्ञानका विषय बस्तुको सिकाइ स्थलको रुपमा प्रयोग गर्न र विद्यालयको सरसफाइमा विद्यार्थीको सहभागिता अभिवृद्धि गरी श्रम प्रति सम्मान गर्ने जनशक्ति उत्पादनमा र क्रियाकलापमुखि शिक्षणमा आवद्ध गरिने छ ।

९. सामुदायिक विद्यालयको व्यवस्थापकीय सुधार तथा शैक्षिक उपलव्धीमा सुधार गर्न प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरिने छ । विषयगत सिकाइ उपलव्धी वृद्धि गर्न प्रधानाध्यापकले विषयगत शिक्षकसँग कार्यसम्पादन करार गर्ने नीति तय गरिनेछ । कार्य सम्पादन करार संझौता बमोजिम कार्य सम्पन्न गर्ने शिक्षक तथा प्रधानाध्यापकलाई पुरस्कार तथा प्रोत्साहन उपलव्ध गराइने छ ।

१०. विद्यालय सुशासनलाई प्रवर्धन गर्न विद्यालयमा गुनासो पेटिका तथा नागरिक वडापत्रको यवस्था गर्न लगाईनेछ । विद्यालय व्यवसथापन समितिको क्षमता अभिवृद्ध संवन्धी कार्यक्रम संचालन गरिनुका साथै विद्यालय अनुगमनलाई प्रभावकारी वनाउन सूचकमा अधारित अनुगमन प्रणाली अवलम्वन गरिने छ ।

११. सिमान्तकृत अति विपन्न तथा अपाङ्ग बालबालिकाहरुलाई विद्यालयमा झिकाउन, सिकाउन र टिकाउन प्रदान गरिएका सहयोग कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।

१२. विद्यालय आउन नसकेका वा विद्यालयमा भर्ना भएर पनि निरन्तरता दिन नसकेका बालबालिका, युवा तथा प्रौढहरुलाई अनौपचारिक शिक्षाका विभिन्न मोडलहरु प्रयोग गरी सामुदायिक सिकाइ केन्द्र तथा विभिन्न गैर सरकारी संस्थाको सहयोगमा शिक्षा प्रदान गर्ने नीति तय गरिनेछ ।

१३. संस्थागत विद्यालयका छाता सँघ सँगठनसंगको सहकार्यमा संस्थागत विद्यालयको क्षमता अभिवृद्ध तथा सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ ।

१४. सामुदायिक र संस्थागत विद्यालयका अनुभव र सिकाइ आदान प्रदान गर्न संयुक्त बैठक तथा विद्यार्थीहरुको वीचमा समान विषयमा समान किसिमको सहभागिता गराउने नीतिलाई निरन्तरता प्रदान गरिनेछ ।

१५. प्रारम्भिक बाल विकास कक्षाका बालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि बाल कक्षाहरुलाई आकर्षक र प्रभावकारी बनाउन प्रयाप्त खेल तथा सिकाइ सामग्री व्यवस्था गर्न विभिन्न संस्थाहरुसंग सहकार्य गरी एकिकृत नमूना बालविकास केन्द्रको रुपमा विकास गरिनेछ ।

१६. प्रारम्भिक बाल कक्षाका सहयोगी कार्यकर्ता, विद्यालय र कर्मचारीहरुलाई दिईएको थप प्रोत्साहन अनुदान रकमलाई निरन्तरता दिईनेछ ।

१७. शैक्षिक गतिविधीहरुलाई प्रबर्द्धन गर्न शैक्षिक वहसका कार्यक्रम संचालन गरिनेछ ।

१८. प्राविधिक शिक्षा CTEVT तथा साधारण शिक्षामा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरिने छ । यसका लागि पालिकामा कार्यरत संघसंस्थाहरुसंग समन्वय गरिने छ ।

**युवा तथा खेलकुद**

१. **स्वस्थ शरीर र स्वस्थ मस्तिष्कका लागि खेल** भन्ने तथ्यलाई मनन गर्दै खेलका लागि आवश्यक पूर्वाधारको विकास गर्दै खेलको माध्यमवाट खेलाडीलाई क्रियाशिल गराउँदै उत्साहित गर्न र युवाहरुमा अन्तरनिहित प्रतिभालाई प्रष्फुटन गराउन वडा वडामा खेल संचालन र नगरस्तरमा वडागत प्रतिस्पर्धा गराई खेलाडी पहिचान गरी प्रोत्साहन गरिनेछ ।

२. मेयर कप, उपमेयर कप र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गरिनेछ । युवाहरुलाई खेलको माध्यमवाट स्वस्थ जीवनशैली अपनाउन सृजनसील हुन समाजको प्रतिष्ठा अभिवृद्दि गर्न अभिप्रेरित गरिनेछ ।

३. नगर भित्र खेल मैदान तथा कभर्डहल निर्माण गर्न विभिन्न निकायसंग सहकार्य गरिनेछ ।

४. उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीहरुलाई जिल्ला प्रदेश र राष्ट्रिय स्तरमा हुने खेलमा सहभागी गराउने नीति तय गरिनेछ ।

५. समाजका लागि उल्लेख्य योगदान दिनु भएका व्यक्ति र संस्थाको सम्मानका लागि संचालन हुने खेल तथा अन्य युवाहरुको विकासका लागि गरिने गतिविधी संचालन गर्न सहयोग गर्ने नीति तय गरिनेछ ।

६. विद्यालयमा कक्षा ६-१२ मा अध्ययनरत छात्राहरुलाई शारीरिक, मानसिक र भावनात्मक रूपमा सशक्त बनाई आत्मरक्षा गर्न सक्षम बनाउने एवं उपकरण र प्रविधिसँग परिचित गराई आत्मबल उच्च बनाउने उद्देश्य सहित उक्त आत्मरक्षा प्रशिक्षण दिईनेछ ।

**ख. स्वास्थ्य**

- संघिय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसंग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमलाई प्रभाबकारी बनाउन थप बजेट ब्यबस्था गरिने छ ।
- पालिकाको स्वास्थ्य प्रणाली सुधार तथा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पंहुच अभिबृधि गर्न पालिका स्तरीय स्वास्थ्य नीति तथा ऐनका प्राबधान अनुकुलका कार्यक्रमलाई प्राथामिकतामा राखी कार्यक्रम तथा बजेट व्यवस्था गरिने छ ।
- नगरपालिकाबाट संचालित आधारभूत स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाई, आधारभूत स्वास्थ्य सेवा अस्पतालहरुबाट प्रदान गरिदै आएका स्वास्थ्य सेवाहरुलाई थप गुणस्तरीय बनाउन र औषधि उपकरणको अभाब हुन नदिन बजेट बिनियोजन गरिने छ । साथै नगरपालिका भित्र बसोबास गर्ने गरिब सीमान्तकृत तथा पछाडि परेका समुदाय भएका क्षेत्रहरुमा आबश्यकताका आधारमा स्वास्थ्य सेवा बिस्तार गर्दै लगिने छ ।
- नगर स्तरीय निर्माणधिन १५ सैयाको आधारभूत स्वास्थ्य सेवा अस्पतालको ब्यबस्थापन र अस्पतालबाट प्रदान गर्दै आईरहेका सेवालाई थप सेवा संचालनको लागि संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गरी स्तरउन्नति गर्दै लगिने छ ।
- बिगत बर्षदेखि प्रदान गर्दै आईरहेको महिला स्वास्थ्य स्वयंसेविका प्रोत्सान कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- स्वाध्य संस्थाबाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवालाई थप प्रभाबकारी गराउन बिगत बर्षदेखि दिदै आएको संचालन तथा ब्यबस्थापन अनुदानलाई निरन्तर गरिनेछ ।
- ६० बर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानपुर्बक बिदाई कार्यक्रमलाई निरन्तरता गरिने छ ।
- २४ सै घण्टा सेवा र जोखिम भत्ता प्रदान गर्नुपर्ने स्वास्थ्यकर्मीहरुको लागि प्रोत्साहन भत्ता ब्यबस्था गरिने छ ।
- नगरबाट संचालित आधारभूत स्वास्थ्य सेवा अस्पताल चन्द्रौटामा डिजिटल खोप केन्द्र स्थापनाको लागि साझेदार संघ संस्थाहरुसंग आबश्यक समन्वय गरिने छ ।
- ७० बर्षदेखि माथिका जेष्ठ नागरिकहरुलाई घरमै गएर दिईने स्वास्थ्य सेवालाई थप प्रभाबकारी रुपमा संचालन गरिने छ ।

- स्वास्थ्य सूचना प्रणाली तथा आपूर्ति ब्यबस्थापनलाई थप ब्यबस्थित गर्न सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाटै अनलाईनको माध्यमबाट प्रतिबेदन प्रविष्ट गर्ने ब्यबस्था मिलाउनुको साथै समिक्षा प्रणालीलाई थप ब्यबस्थित गरिने छ ।
- स्वास्थ्य संस्थाहरुको अनुगमण मुलायंकन सुपरिवेक्षण निर्देशिका तयार गरिने छ, निर्देशिकाले तोके अनुसार प्राबिधिक र जन प्रतिनिधिहरुबाट अनुगमन गरिने छ ।
- गर्भवती तथा सुत्केरी आमाहरुको लागि बुटवल र भैरहवासम्मको लागि यस पालिका भित्रका सबै एम्बुलेन्सबाट निःसुल्क सेवा प्रदान गरिने छ ।
- स्वास्थ्य कार्यक्रमहरुलाई थप प्रभाबकारी बनाउन स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासंग समन्वय गरी स्वास्थ्य क्षेत्रमा श्रोतको ब्यबस्थापन गर्न पहल गरिने छ ।
- शिवराज नगरपालिकाबाट संचालित आधारभुत स्वास्थ्य सेवा अस्पतालबाट नागरिकहरुको सुबिधाको लागि स्वास्थ्य बिमा कार्यक्रम लागु गरिने छ ।
- आधारभूत स्वास्थ्य सेवा अस्पतालबाट रेबिजको खोप सेवा बिस्तारको लागि सम्बन्धित निकाय संग पहल गरी लागु गरिने छ ।
- सर्प दंशको उपचार केन्द्र संचालनको लागि प्रदेश सरकारसंग समन्वय गरी संचालन गरिने छ ।

**ग. खानेपानी तथा सरसफाई**

- नगरवासीहरुलाइ सुरक्षित खानेपानीको व्यवस्था गर्न विभिन्न सकारी र गैर सरकारी संघ संस्थाहरुको समन्वयमा पानीको गुणस्तर चेकजाँच गरि मुहान शुद्धिकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- नगर क्षेत्रभित्रका विभिन्न चोक चौराहहरुमा फोहर व्यवस्थापनको लागि डस्टविनको व्यवस्थापन तथा सरसफाई गरी सफा सुन्दर बनाउन पहल गरिने छ ।
- चन्द्रौटा बजारको सरसफाईको लागि कन्टेनर सहितको डष्टविनको व्यवस्थापन गरिने छ ।
- बजार सरसफाईको लागि नगर सरसफाई समिति बनाई कृयाशिल बनाइने छ ।
- **एक घर एक धारा** अभियान संघ तथा प्रदेशको समन्वय र सहकार्यमा संचालन गर्ने नीति तथा कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

**घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

- मौलिकहकको रुपमा महिला, बालबालिका तथा जेष्ठ नागिरकलाई संविधानमा नै व्यवस्था भएको हुदा उक्त समूहका व्यक्तिहरुलाई सशक्तिकरणमा जोड दिइनेछ ।
- सबै लक्षित वर्ग तथा समुदायका महिलाहरुलाई आय आर्जन गर्न सहज वातावरण निमार्णका लागि सिप मूलक तालिम प्रदान गरिनेछ ।
- बालविवाह र त्यसले पुऱ्याउने जोखिमलाई न्यूनिकरण गर्नका लागि धर्म गुरुहरु, सरोकारवाला तथ बालक्लबका सदस्य र किशोर किशोरी समूहका सदस्यबिच सबै वडाहरुमा अन्तरक्रिया गराई बाल विवाह न्यूनिकरण गरिनेछ ।

- बालश्रम मुक्त नगरपालिका निर्माणका लागि बालश्रम हुने नगरभित्रका सबै ठाँउमा सरोकारवाला व्यक्तिहरुको उपस्थितिमा सचेतना कार्यक्रम तथा नियमित अनुगमन बालश्रममा परेका बालबालिकालाई उद्धार गरिनेछ ।
- यौनजन्य हिंसा तथा अन्य अपराध न्यूनीकरणका लागि विभिन्न सचेतना अभियान सहितका कार्यक्रम सञ्चालन गरिनेछ ।
- बढदै गएको साइबर क्राइम र त्यसले पुऱ्याउने जोखिम तथा नकरात्मक प्रभावलाई न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैङ्गिक तथा घरेलु हिंसा नियन्त्रण र मानव बेचविखन विरुद्धका लागि विभिन्न अभियान सञ्चालन गर्दै यस्ता जघन्य घटनाहरुलाई निरुत्साहित गर्दै लगिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई जीविको पार्जनको लागि सिपमुलक तालिम प्रदान गरिनेछ ।
- जेष्ठ नागरिकको उच्च सम्मान गर्दै प्रोत्साहन तथा उच्चमनोबल बढाउन विभिन्न सम्मान मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ३. <u>पूर्वाधार विकास</u>

- पूजिगत खर्चको गुणस्तर बढाउन **"माघ मसान्त भित्र सम्झौताः जेठ महिना भित्र भुक्तानी"** को नीति कडाइका साथ पालना गरिनेछ । विशेष गरी जटिल प्रकृतिका ठूला योजना तथा कार्यक्रमहरु लागत सहभागिता नजुट्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु विधुतीय ठेक्का विधिबाट सम्पन्न गरिनेछ भने जनसहभागिता जुट्ने बढीमा १० लाखसम्मका सरल प्रकृतिका योजना तथा कार्यक्रमहरु उपभोक्ता समिती मार्फत संचालन गरिनेछ ।
- बर्षा याममा गरिने विकास निर्माणका कार्यलाई निरुत्साहित गरी शुन्य गरिने नीति अम्बलम्बन गरिने छ ।
- पूर्वाधार विकास सम्बन्धि योजनाहरु जेष्ठ मसान्त भित्र सम्पन्न गर्ने निति बनाई कार्यान्वयन गरिने छ।
- पूर्वाधार योजनालाई गुणस्तरिय तथा दिगो बनाउनका लागी पूर्वाधार ल्याव स्थापना गरिने छ ।
- पूर्वाधार विकासका योजनाहरुलाई दिगो गुणस्तरिय तथा यथार्थपरक गराउनका लागी सम्बन्धित शाखाका कर्मचारीहरुलाई आवश्यक तालिम, गोष्टी जस्ता क्षमता विकासका तालिम लगायत अध्ययन अवलोकन भ्रमण समेतको व्यवस्था गरिने छ।
- योजनाको कार्य सम्पन्न मिति भित्र गुणस्तरिय कार्य गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई पुरस्कार तथा समयमै काम सम्पन्न नगर्ने काममा आलटाल गर्ने र गुणस्तरिय कार्य नगर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई दण्ड जरिवाना को व्यवस्था लागु गरिने छ ।
- हालसम्म पनि मापदण्ड बमोजिम नक्सा पास नगराइ बनेका घरहरुको अभिलेख कार्य सम्पन्न गरि नयाँ बन्ने घरहरुको नक्सा पास गर्ने नीतिलाइ कडाइका साथ कार्यन्वयन गरिने छ ।
- वैकल्पिक उर्जा तर्फ सौर्यबत्ति, सुधारिएको चुल्हो,बायोग्याँस जडानलाइ निरन्तरता दिइनेछ ।

- नगरपालिका भित्र संचालित विभिन्न एफ.एम रेडियो¸पत्रपत्रिका तथा कानून बमोजिम प्रकृया पुऱ्याइ दर्ता तथा नियमित नविकरण भएका अनलाइन मिडीयाहरुलाइ तथा संचालनमा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
- संचारकर्मीहरुसंग विकास निर्माणसंग सम्बन्धित विषयमा अन्तरकृया कार्यक्रम गरिनेछ
- चन्द्रौटा बजार क्षेत्रमा चल्ने अटो तथा ई-रिक्सा पार्किङ्ग स्थल व्यवस्थापन गरिनेछ ।
- सडक क्षेत्र भित्र अव्यवस्थित रुपमा संचालनमा रहेका ठेला तथा घुम्ती पसल अटो ग्यारेज आदीको व्यवस्थापनको लागि आवश्यक पहल तथा व्यवस्थापन गरिने छ ।
- दुर्गम स्थानमा रहेका बस्तीहरुमा यातायातको पहुँच बढाउन सडक, पुल एवम् झोलुङ्गे पुलका संजालहरु विस्तार गरिनेछ ।
- खर/फूसको छाना विस्थापन गर्न सुरक्षित नागरीक आवास कार्यक्रम संचालन गर्न सहजीकरण एवम् समन्वय गरिनेछ ।

**४. वातावरण तथा विपद् व्यवस्थापन**

- नगर क्षेत्रमा बसपार्क तथा डम्पिङ्ग साइट निर्माणको लागि संभाव्यता अध्ययन गरी DPR तयार गरि सोही बमोजिम निर्माणको कार्य अगाडि बढाइने छ ।
- यस नगरमा हुने आगलागी, हुरी, चट्याङ्ग, बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपका घटनाहरुबाट प्रभावितहरुका लागि तत्कालिन रुपमा राहत उपलब्ध गराइने छ ।
- आगलागीबाट हुने विपद्लाइ न्यूनिकरण गर्न दमकल संचालन तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिइने छ ।
- विपद् पूर्व तयारीका क्षेत्रमा आवश्यक पूर्वाधारहरु विकास गर्न सम्बन्धित सबै सरोकारवालाहरुसँग सहकार्यलाई निरन्तरता दिइने छ ।
- विपद् पूर्व तयारीका सन्दर्भमा जनचेतना अभिवृद्धिका सन्दर्भमा सम्बन्धित सबै सरोकारवालाहरुको बीचमा बृहत साझेदारी निर्माण गर्दै विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बिपत जोखिम र सरसफाइ सम्बन्धि अभिभावक सचेतना कार्यक्रम संचालन गरिनेछ
- प्रकृतिक बिपत आगालागि, भुकम्प, हावाहुरी र बर्षातमा हुन सक्ने सम्भाबित जोखिम सम्बन्धमा समुदाय जागरणका कार्यक्रमहरु गरिनेछ ।

**५. संस्थागत विकास¸ सेवा प्रवाह र सुशासन**

- संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी नगरपालिकाको विद्यमान दरवन्दी र संगठनलाई चुस्त दुरुस्ट र कार्यमूलक बनाइने छ ।
- सार्वजनिक सेवामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गरी गुणस्तरीय कार्य सम्पादन गर्न क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ ।
- आर्थिक प्रशासनको कार्यलाई छिटो छरितो र प्रविधिमैत्री बनाउन विधुतीय भुक्तानी प्रणाली (EFT) कार्यन्वयनमा ल्याइने छ ।

- जिन्सी व्यवस्थापनलाई प्रभावकारी पारदर्शी र चुस्त दुरुस्त बनाउन सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) लाई निरन्तरता दिइने छ ।
- जनतासंग स्थानीय सरकार कार्यक्रम बनाई सवै वडामा घुम्ती सेवा प्रवाह संचालनमा ल्याइने छ ।
- नगरले आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह गर्न सक्ने गरी भवन निर्माणको कार्यमा देखिएका अवरोधलाई हटाउन पहल गरिने छ ।
- नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ र संघ प्रदेश स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ मा उल्लेख भए अनुसारका आवश्यक ऐन, नियम, निर्देशिका, कार्यविधि तर्जुमा संशोधन तथा परिमार्जनको कार्यलाई निरन्तरता दिइने छ ।
- उपभोक्ता समिति टोलविकास संस्थामा आवद्ध सदस्यहरुलाई नगर स्तरीय तथा वडास्तरीय योजना कार्यक्रमको प्रभावकारी कार्यन्वयनको लागी क्षमता विकास तालिम संचालन गरिने छ ।
- नगरको समग्र विकास निर्माण र सेवा प्रवाहको अवस्थाको जानाकारी दिन सार्वजनिक सुनुवाई नागरिक सन्तुष्टी सर्वेक्षण सामाजिक परीक्षण जस्ता उत्तरदायी कार्यक्रम संचालन गरिने छ ।
- आवधिक योजनाको मार्गदर्शन अनुरुप मध्यमकालिन खर्च संरचना मध्यकालिन बजेट संरचना तथा क्षेत्रगत रणनीतिक योजना तयार गरी कार्यन्वयन गरिने छ ।
- राष्ट्र सेवक कर्मचारीलाई जिम्मेवार, कर्तव्यनिष्ठ र उत्तरदायी दण्ड पुरस्कारको उचित र प्रभावकारी व्यवस्था गरिनेछ ।
- आगामी वर्ष सबै सरकारी कारोबार नगदरहित बनाइनेछ । व्यक्ति, संस्था र सबै किसिमका व्यवसायको भुक्तानी विद्युतिय माध्यमबाट गर्न सकिने व्यवस्था गरिनेछ ।
- कार्यवोझका कारण कार्यालय समय अतिरिक्त काम गर्ने कर्मचारीलाइ कार्यविधीका आधारमा प्रोत्साहित गरिनेछ ।
- व्यक्तिका सम्पूर्ण घटना दर्ता अद्यावधिक गरिनेछ
- पालिकामा सेवा लिन आउने सेवाग्राहीहरुलाइ सहजताको लागि **हेल्प डेक्स तथा टोल फ्री नम्बर** संचालनमा ल्याइने छ ।
- नगरपालिकामा कार्यरत अस्थायि तथा करार सेवाका कर्मचारीलाइ **योगदानमा आधारित सामाजिक सुरक्षाकोष**मा आबद्धता निरन्तरता दिइनेछ ।
- **कर्मचारी कल्याण तथा उपदान कोष** लगायत अन्य कल्याणकारी कोषको व्यवस्था गरिनेछ ।

**क. सूचना प्रविधि**

- यस पालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक तथा संस्थागत विद्यालयहरुमा इन्टरनेटको पहुँचका कार्यक्रमहरु संचालन गरिनेछ ।

- वडास्तरबाट संचालन हुने राजश्वलाइ Internet Computer System बाट नगरपालिकाको केन्द्रिकृत प्रणालीमा आबद्ध गराइने छ ।
- सामुदायिक सिकाइ केन्द्रहरुलाइ वाचानालयको रुपमा विकासित गर्दै E-Learning को वातावरण तयार गरिनेछ ।
- नगरपालिकाले प्रवाह गर्ने हरेक सेवालाई चुस्त, दुरुस्त, पारदर्शी तथा प्रविधिमैत्री बनाउन आधुनिक सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

**ख. सामाजिक सुरक्षा तथा पंजिकरण व्यवस्थापन**

- सामाजिक सुरक्षा तथा घटना दर्ता कार्यक्रमलाइ अद्यवधिक गर्दै लगिने छ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाइ बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाइ निरन्तरता दिइने छ ।
- व्यक्तिगत घटना दर्ता, नक्सा पास, राजस्व प्रशासन र जनतासँग सरोकार राख्ने विषयलाइ विद्युतिय प्रणाली मार्फत गरिनेछ ।
- पालिका भित्रका सामाजिक सुरक्षा भत्ता पाउने ७० वर्ष माथीका जेष्ठ नागरिक लाभग्राहीहरु तथा अशक्त लाभग्राहीहरुलाई पालिका र बैंकहरुको समन्वयमा वडास्तरमै भत्ता वितरणको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

**६. न्याय सम्पादनः**

- **"झगडा होइन मेलमिलाप गरौ"** भन्ने नीति सहित न्यायिक समितीलाइ थप शसक्त बनाइदै लगिनेछ । मेलमिलापकर्ताहरुको छनौट गरी वडा स्तरबाटै धेरै जस्तो मुद्दाहरुको स्थानीय न्याय सम्पादन प्रक्रियालाइ छिटो छरितो र थप व्यवस्थित बनाइनेछ ।
- झिना-मसिना प्रकृतिका विवादहरुको कारण बढ्दो पारिवारिक तथा सामाजिक विखण्डनलाई क्रमशः नियन्त्रण गर्न त्यस्ता प्रकृतिका विवादको गाउँटोलमै समाधान गर्न हरेक वडामा आवश्यकता अनुसार मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।
- न्यायको पहुँचबाट टाढा रही निष्पक्ष न्याय पाइन्छ भन्ने कुराको आशा मारि वर्षौदेखि अन्यायपूर्ण प्रताडना सहन विवस महिला, बालबालिका लगायत सम्पुर्ण जनतालाई न्यायिक समिति मार्फत सहजै न्यायको पहुँचको सुनिश्चितताको प्रत्याभूत गरिनेछ ।
- न्यायिक समितिमा प्राप्त उजुरी दर्ता तथा किनारा लागेका उजुरी फाइलहरुको सुरक्षित व्यवस्थापन गरी खोजेको बखत सहजै उपलब्ध हुने गरी व्यवस्थित अभिलेखिकरण तथा प्राथमिकताको आधारमा निरुपणको व्यवस्थालाइ प्रविधी मैत्री बनाइने छ ।
- सुचिकृत मेलमिलापकर्ताको सुचि अध्यावधिक गर्दै व्यवस्थित गर्ने एवं प्रत्येक मेलमिलाप केन्द्रमा सुचिकृत मेलमिलाप कर्ताको सुचि देखिने गरी राख्ने तथा मेलमिलाप सम्वन्धि ऐन, २०६८ ले गरेका व्यवस्थाहरुको पालना गर्ने तर्फ आवश्यक व्यवस्था गरिनेछ ।
- मेलमिलाप कार्यलाई थप सफलिभुत पार्न सुचिकृत मेलमिलाप कर्ताको पुनर्ताजगि तथा योग्यता पुगेका इच्छुक ब्यक्तिलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

- न्यायिक निरुपणलाई सरल, शिघ्र तथा अत्यन्तै कम शुल्कमा प्रदान गर्नको लागि आम जनतालाई न्युनतम कानूनी एवं कार्यविधिगत ज्ञानको लागि न्यायिक साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
- न्यायिक समिती तथा अन्य जनप्रतिनिधीहरुलाइ विभिन्न जिल्लाहरुमा स्थापित न्यायिक इजलास र न्यायिक प्रकृयाको अध्ययन अवलोकन गराइनेछ ।
- नगरबासीको न्यायिक पहुँच युक्त तथा दण्डहिनता मुक्त, शान्तिपुर्ण, सु-संस्कृत नगरको रुपमा विकास गर्न सम्वन्द्ध सरोकारवाला पक्षसँग हातेमालो गर्दै लक्षित उद्देश्य हासिल तर्फ विशेष जोड दिइनेछ ।

अन्त्यमा, यस आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउने संघीय तथा प्रदेश सरकारका माननीयज्यूहरु, सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, उद्योगी व्यवसायी, आम संचार, पत्रकार, विभिन्न संघ संस्था, कृषक, मजदुर लगायत सम्पूर्ण शिवराज नगरवासीहरु, विभिन्न समितीका पदाधिकारीज्यूहरु, नगरसभा तथा कार्यपालिकाका सम्पूर्ण सदस्यहज्यूहरु, अहोरात्र नगरपालिकाको सम्वृद्धिको लागि खट्नु भएका आम राष्ट्रसेवक कर्मचारीहरु प्रती आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।**

**जय शिवराज !**

..........................

**अजय थापा**

**नगर प्रमुख**

मितिः २०७९ आषाढ १०